मिति २०८०/०२/११ गते विहिवारका दिन बन्दिपुर गाउँपालिकाको १६ औं कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एंवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

<u>तपशिल :</u>

| क्र.स | नामथर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | ९८४६७२३७३९ | |
| २ | पञ्च माया गुरुङ्ग | उपाध्यक्ष | ९८४१७१३६५९ | |
| ३ | शिव कुमार श्रेष्ठ | १ नं. वडा अध्यक्ष | ९८४६२१७५०० | |
| ५ | तिलक बहादुर कुँवर | २ नं. वडा अध्यक्ष | ९८०६६३६७८४ | |
| ७ | परमेश्वर भट्टराइ | ३ नं. वडा अध्यक्ष | ९८०५८५७२९० | |
| १० | दान बहादुर थापा | ४ नं. वडा अध्यक्ष | ९८४६०५९८७२ | |
| ११ | ध्रुव प्रसाद लामिछाने | ५ नं. वडा अध्यक्ष | ९८५६०४१४९५ | |
| १२ | बल बहादुर गुरुङ | ६ नं. वडा अध्यक्ष | ९८४१७२८२४६ | |
| ४ | कौशिला परियार वि.क | कार्यपालिका सदस्य | ९८१७१३५१७५ | |
| ६ | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | ९८४६५४२७४४ | |
| ८ | उमा घर्ती | कार्यपालिका सदस्य | ९८२५१४१९०५ | |
| ९ | हरी माया वि.क | कार्यपालिका सदस्य | ९८६६०८०२११ | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | ९८४६३९०५११ | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | ९८१२३४९१७० | |
| १५ | नवेशराज हमाल | सदस्य सचिव | ९८५६००३१११ | |

<u>अन्य उपस्थिति</u>

| | | | | |
|---|---|---|---|---|
| १६ | सुनिल पाण्डे | वरिष्ठ अधिकृत | ९८५६०२७५२५ | |

**<u>कार्यपालिका बैठकका ऐजेन्डाहरुः</u>** **मितिः२०८०।०२।११**

**समयः विहान ८ः०० बजे**

१. अघिल्लो कार्यपालिका बैठको समिक्षा
२. बन्दिकापुर ताल पार्क निर्माण
३. जनता आवास कार्यक्रम छनौट
४. विषयगत समिति मार्फत आर्थिक बर्ष ०८०।८१ को प्रि बजेट छलफल
५. वडा सार्वजनिक सुनुवाई संचालन
६. एक वर्षको प्रगति समिक्षा तथा पालिकास्तरीय सार्वजनिक सुनुवाई
७. चालु आ.ब.०७९।०८० को योजना समिक्षा बारे
८. वडा नं. १, ४ र ५ अन्तर्गत पृथ्वि राजमार्गको सडक मापदण्ड भित्र संरचना निर्माणमा रोक सम्बन्धमा
९. घर कायम सम्बन्धमा
१०. उज्यालो बन्दिपुर र पर्यटन प्रबर्द्धन कार्यक्रम संचालन
११. ई.सि.डि. शिक्षक सम्बन्धमा
१२. फोहोरमैला व्यवस्थापन सम्बन्धमा
१३. विविध

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बन्दिकापुर पच्चिस पोखरी ताल पार्क संरक्षण, व्यवस्थापन तथा निर्माणका लागि गाउँपालिकाको तर्फबाट नेपाल सरकार तथा प्रदेश सरकारसंग पहलका साथै पार्क निर्माण गर्दा पौराणिकता, पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक पहिचान नविग्रिने गरी तत्काल जग्गा सुधारको कार्य आरम्भ गर्ने एंवम् पार्क निर्माण कार्य सुरुवात गर्दा विपद् जोखिम न्यूनीकरणका दृष्टिकोणबाट दिगोपन कायम रहने संरचना निर्माणमा जोड दिने निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जनता आवास कार्यक्रम अन्तर्गत प्रत्येक वडाले विपन्न तथा गरिव घर परिवार छनौट गरी गाउँपालिकामा सिफारिस गर्ने, सिफारिस भएका परिवारका लागि प्रति वडा रु २,००,०००।(अक्षरुपी दुई लाख रुपैया) उपलब्ध गराई घर निर्माण गराउने तथा उक्त योजना कार्यान्वयनका लागि जनता आवास कार्यक्रम प्राविधिक मापदण्ड २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा आर्थिक वर्ष ०८०/८१ को बजेट तर्जुमाका लागि यस गाउँपालिका अन्तर्गत रहेका संघ संस्था, राजनैतिक दल तथा विभिन्न विषयगत बौद्धिक बर्गसंग सुझाब संकलन गर्न प्रि-बजेट छलफल कार्यक्रम जेष्ठ १७ गते आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाको सवै वडाहरुले चालु आ.व.०७९/८० को योजना कार्यान्वयन तथा सेवा प्रवाह सम्बन्धमा जेष्ठ २५ गते भित्र सरोकारवाला व्याक्ति तथा निकायहरुको वृहत उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरि गाउँपालिकास्तरीय बार्षिक प्रगतीको सार्वजनिकरण, समिक्षा तथा सार्वजनिक सुनुवाई जेष्ठ ३२ गते विहिवार आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. ०७९/८० को लागि विनियोजित योजना तथा कार्यक्रमहरु जेष्ठ १५ गते भित्र सम्झौता गरि सक्नुपर्ने, सम्झौता भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको मुल्याङ्कन सहितको आवश्यक सम्पूर्ण कागजातहरु अन्तिम भुक्तानीका लागि असार १५ गते भित्र गाउँपालिकामा पेश गरिसक्ने एंव चालु आ.व.मा विनियोजन भई सम्पन्न नभएका योजनाहरु आगामी आ.व.मा कार्यान्वयन गर्ने गरी क्रमागत योजनाका रुपमा निरन्तरता नगर्ने निर्णय गरियो।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा पृथ्वी राजमार्गको सडक क्षेत्राधिकार आसपासका नागरिकहरुलाई उक्त क्षेत्राधिकार भित्र कुनै पनि भवन लगायत निजी संरचनाहरु सडक मापदण्ड विपरित हुने गरि निर्माण नगर्न नगराउन सम्बन्धित वडा कार्यालयहरुले सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिका भित्र आ.व.०७२/७३ भन्दा अगाडी निर्माण सम्पन्न भएका तथा घर कायम एंव अभिलेखिकरण गर्न छुटेका घर, भवन, संरचनाहरुका हकमा २०८० पौष मसान्त भित्र गाउँपालिकामा नियमानुसार दर्ता हुन आएमा घर नक्सा कायम गरिदिने साथै अन्य संरचनाहरुका हकमा घर कायम बन्द गर्ने निर्णय गरियो।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा उज्यालो बन्दिपुर र पर्यटन शीर्षक अन्तर्गत विनियोजित बजेटबाट भुक्तानी गर्ने गरी देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो।

1. पिप्ले गेट रङरोगन तथा प्रबेशद्धार साईन बोर्ड निर्माण तथा अन्य पर्यटन प्रबर्द्धन, बन्दिपुर १
2. बन्दिपुर गाउँपालिका वडा नं ५ अन्तर्गत कोरिखामा सडक बत्ति विस्तार

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा अरुण मा.वि बन्दिपुर-६ र जनजागृति आधारभूत विद्यालय बन्दिपुर-६ मा २/२ जना ई.सि.डि शिक्षक कार्यरत रहेकोमा अतिरिक्त एक दरबन्दी कट्टा गरी निजहरुबाट कनिष्टताको आधारमा भानु मा.वि. बन्दिपुर-२ र दिल आधारभूत विद्यालय बन्दिपुर-४ अन्तर्गत वाल विकास केन्द्रको रिक्त ई.सि.डि शिक्षक दरबन्दीमा व्यवस्थापन/समायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा फोहरमैला व्यवस्थापनलाई व्यवस्थित बनाई शहरी शुन्दरता कायम गर्नका लागि फोहर बर्गिकरण सहित छुट्टा-छुट्टै विसर्जन तथा संकलन सामाग्री खरिद गरी व्यवस्थापन गर्ने साथै सरसफाई व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन जनप्रतिनिधी तथा कर्मचारीहरुको संयुक्त सरसफाई सम्वन्धि अध्ययन अवलोकन भ्रमण संचालन गर्ने निर्णय गरियो।

**विविधः**

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मालपोत कार्यालयको मिति २०८०।०२।०३, चलानी नं. ५६६४ को पत्रानुसार श्रेस्ता व्यान्डिङ, श्रेस्ता अध्यावधि तथा अभिलेख व्यवस्थापनार्थ रु १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार) माग भए आएकोमा रु ३०,०००। (अक्षरुपी तिस हजार) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल बन्दिपुर गाउँपालिकाको आर्थिक बर्ष ०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम खर्च शीर्षक २२५२२, लक्षित बर्ग कार्यक्रम महिला दलित सिमान्तकृत शीर्षक अन्तर्गत विनियोजित बजेट रु २,००,०००। (अक्षरुपी दुई लाख) बाट वडा नं १ र ३ का चेपाङ जातिका विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा तपसिल बमोजिमका विभिन्न विषय, क्षेत्र र कार्यहरुमा कार्यक्रम संचालनार्थ गाउँपालिकामा पेश भएका निवेदनहरु उपर वडा कार्यालयको सिफारिस समेतको

आधारमा बन्दिपुर गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम खर्च शीर्षक २२५२२, संस्कृति तथा भेषभुषा प्रवर्द्धन अन्तर्गत विनियोजित बजेटबाट देहाय बमोजिम तपसिल रकम उपलब्ध गराउने निर्णय गरियो।

1. जलदेवि आमा समुह बन्दिपुर गाउँपालिका वडा नं.३ – रु २१,०००।
2. विलिभर्स चर्च (संयुक्त क्रिमस डे), बन्दिपुर गाउँपालिका वडा नं.२ -रु ४०,०००।
3. हरिहर महिला समुह, बन्दिपुर गाउँपालिका वडा नं.१ – रु ३०,०००।
4. सातसय बार्हना जलधारा पुजा कार्यक्रम बन्दिपुर गाउँपालिका वडा नं.४ – रु ३०,०००।
5. मगर दिवस कार्यक्रम, बन्दिपुर गाउँपालिका वडा नं.४ – रु ३०,०००।
6. बौद्ध सदन साक्यमुनी गुम्बा, बन्दिपुर गाउँपालिका वडा नं.४ – रु ५०,०००।

## निर्णय नं.१६

प्रस्ताव नं.१६ माथि छलफल गर्दा गाउँपालिकामा पेश भएका विभिन्न दैवि प्रकोप तथा अन्य विविध कारणबाट क्षति व्यहोरेका तपसिल बमोजिमका नागरिकहरुलाई विपद् व्यवस्थापन समितिको अनुगमन समेतको आधारमा ५ देखी १५ हजार सम्म भुक्तानी गर्ने निर्णय गरियो।

1. लक्ष्मी पन्थ, बन्दिपुर गाउँपालिका वडा नं.३ – रु १५,०००।
2. ईन्द्र दत्त भट्टराई, बन्दिपुर गाउँपालिका वडा नं.३ – रु १०,०००।
3. ईन्द्र बहादुर नेपाली, बन्दिपुर गाउँपालिका वडा नं.५ – रु १०,०००।
4. मायाँ बि.क., बन्दिपुर गाउँपालिका वडा नं.१ – रु १५,०००।
5. राजकुमार अच्छामी, बन्दिपुर गाउँपालिका वडा नं.५ – रु १०,०००।
6. कान्छी गुरुङ, बन्दिपुर गाउँपालिका वडा नं.६ – रु १०,०००।
7. राज कुमार सुनार, बन्दिपुर गाउँपालिका वडा नं.५ – रु १०,०००।
8. डोल प्रसाद लामिछाने, बन्दिपुर गाउँपालिका वडा नं.५ – रु ५,०००।

## निर्णय नं.१७

प्रस्ताव नं.१७ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम खर्च शीर्षक २२५२२, विपद् व्यवस्थापन कार्यक्रम शीर्षक अन्तर्गत विनियोजित बजेटबाट भुक्तानी गर्ने गरी प्रत्येक वडा लाई वडा अन्तर्गत विपद् सम्बन्धि कार्यहरु गर्नका लागि ८० हजारका दरले रकम उपलब्ध गराउने निर्णय गरियो।

**<u>निर्णय नं. १८</u>**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाबाट बिनियोजित योजना तथा कार्यक्रमहरु मध्ये ३ लाख सम्म विनियोजन भएका योजना तथा कार्यक्रमहरुको हकमा वडास्तरीय अनुगमन समितिबाट गरिएको अनुगमनका आधारमा र सो भन्दा बढी रकमका योजनाहरुको हकमा गाउँपालिकास्तरीय अनुगमन समितिबाट भएको अनुगमन पश्चात अन्तिम भुक्तानी गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. १९</u>**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकामा कार्यरत निजामती, स्थानीय तथा स्वास्थ्य सेवा अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुलाई तलबि अध्ययन विदा स्वीकृत नगर्ने निर्णय गरियो।

**<u>निर्णय नं. २०</u>**

प्रस्ताव नं. २० माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम खर्च शीर्षक २७२१२, विपद् व्यवस्थापन कार्यक्रम शीर्षक अन्तर्गत विनियोजित बजेटबाट भुक्तानी गर्ने गरी वडा नं ३ रातामाटा तिसागैर्ह्राको नाला खड्के खोलामा निकास गर्नका लागि ५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो।

**<u>निर्णय नं. २१</u>**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम खर्च शीर्षक २७२१२, विपद् व्यवस्थापन कार्यक्रम शीर्षक अन्तर्गत विनियोजित बजेटबाट वडा नं १ अन्तर्गत रहेको शिखर डाँडा तिरतिरे हुदैं प्यूघर रिङ्गरोडमा पहिरोका कारण सडकमा झरेको ढुङ्गा फुटाउनका लागि खर्च भएको रु २४,४०८। (अक्षरुपी चौविस हजार चार सय आठ रुपैया) भुक्तानी दिने निर्णय गरियो।

**<u>निर्णय नं. २२</u>**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, तनहुँको कार्यालय परिसरमा नागरिक सहायता कक्ष निर्माणका लागि कन्टिन्जेन्सीबाट आवश्यक बजेट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २३**

प्रस्ताव नं. २३ माथि छलफल गर्दा बन्दिपुर गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम विद्यालय विद्युतिकरण शीर्षक अन्तर्गत विनियोजित बजेटबाट तपसिलका विद्यालयहरुमा विद्युत जडानका लागि देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

1. जलदेवि आ.वि, बन्दिपुर ५ तनहुँ — रु ४०,०००।
2. जनता आ.वि, बन्दिपुर १ तनहुँ — रु ४०,०००।
3. तामुङ आ.वि, बन्दिपुर ३ तनहुँ — रु ६०,०००।
4. झारगाउँ आ.वि, बन्दिपुर ५ तनहुँ — रु ४०,०००।
5. जय नेपाल आ.वि, बन्दिपुर ६ तनहुँ — रु ४०,०००।
6. शिद्धदेवि आ.वि, बन्दिपुर ४ तनहुँ — रु ४०,०००।
7. कालिका आ.वि, बन्दिपुर ५ तनहुँ — रु ४०,०००।